Vol. 10, No. 1, 2024 (March) 80-85
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# ‘नङ्गेली ब्लुज’ कविताको सङ्कथनात्मक अर्थ

**दीपकप्रसाद ढकाल**
उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

Email: deepakdhakal973@gmail.com

## लेखसार

प्रस्तुत लेख ‘नङ्गेली ब्लुज’ शीर्षक कविताको सङ्कथनात्मक अर्थ विश्लेषणमा आधारित छ । कवितालाई पाठका रूपमा लिएर कोशीय एकाइ तथा तिनको पाठगत सहसम्बद्धताका कोणबाट सङ्कथनात्मक अर्थ विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा पुस्तकालयबाट प्राप्त प्राथमिक र द्वितीयक समाग्रीलाई तथ्यका रूपमा प्रयोग गरिएको छ । ती सामग्रीलाई अवधारणात्मक ढाँचा तथा ढाँचाअनुसारको विश्लेषण खाकामा प्रस्तुत गरी सत्यापनको तहसम्म पुगिएको छ । यसरी विश्लेषण गर्दा विश्वेषणको अवधारणामा निगमनात्मक र सत्यापनका सिलसिलामा आगमनात्मक विधिको क्रमिक रूपले प्रयोग गरिएको छ । कविताका पङ्तिलाई सूचनात्मक र सङ्केतात्मक बनाउने हेतुले सङ्ख्याङ्कन पद्धति प्रयोग गरी पङ्तिगत पुनरावृत्तिबाट हुने सीमालाई सम्बोधन गरिएको छ । ‘नङ्गेली ब्लुज’ कविताका पङ्ति नारी अस्मिता र अस्तित्व रक्षाका निम्ति समर्पित हुन नङ्गेलीले देखाएको बाटो, नाङ्गेलीमा विकसित भएको क्रान्तिचेतना, तत्कालीन शासकले शोषणमूलक रूपले चलाएका परिपाटी तथा तिनको सामना गर्नका निम्ति गरिएको अभूतपूर्व आँटलाई सघन बनाउने कोशीय योजनाले सुसम्बद्ध छन् । आज पनि नारीको अवस्था नङ्गेलीले बाँचेको युगकै जस्तो युगीन बरबरतामा आधारित छ । आजका नारीले आफ्नो मुक्तिका निम्ति नङ्गेली चेतनालाई आत्मसात् गर्नु पर्ने विचार यस कविताको सङ्कथन संरचनाले प्रस्तुत गरेको छ । शासक शोषणमूलक व्यवहारको संस्थापक निकाय हो । यसले आफ्नो प्रभुत्वको गलत प्रयोग गरी नारीलाई उपभोग र भोगको विषय बनाउने उन्नमाद धारण गर्न सक्छ । यस्तो अवस्था अनुभव भएमा वा यस्तो व्यवहारको शिकार बन्नु परेमा नङ्गेलीको जस्तै विद्रोहीचेतना आवश्यक रहेको विचार यस पाठको सङ्कथनात्मक अर्थको केन्द्र हो ।

**शब्दकुञ्जी:** अवधारणाका घटक, गत्यात्मक,तात्कालिक अवधारणा,प्रवेश विन्दु, स्थित्यात्मक

**Article information**
Manuscript received: July 19, 2023; Revision received: December 21, 2023; Accepted: January 15, 2025
DOI https://doi.org/10.3126/jki.v10i1.70190
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

नेत्र एटमको प्रिय मौनता (२०७७) नेपाली कविता रचनापरम्परामा उपासनाविषयक कवितासङ्ग्रह हो । नेपाली समालोचना क्षेत्रमा पृथक् योगदान दिने हेतुले क्रियाशील एटम कवितासङ्ग्रमा प्रथमपटक पाठक माझ उपस्थित भएका हुन् । प्रणयको प्यासन, प्रमुदित प्रकृति, अभीप्साको उद्बोधन, स्मृतिको क्याराभान र उपासनाको आलोक गरी पाँच वटा खण्डमा संरचित यस सङ्ग्रहको अभीप्साको उद्बोधन खण्डमा प्रस्तुत कविता सङ्गृहीत छ । अभिव्यक्तिले विचार, भावना, अनुभूति र भोगाइको पूर्ण प्रतिनिधित्व नगर्ने भएकाले मौनताभित्रको फरक संसारलाई प्रथमतः अनुभूत गर्नु पर्छ भन्ने यिनको काव्यिक विचार देखिन्छ । यसैको केन्द्रीयतामा प्रिय मौनताभित्रका काव्यिक बान्की रचना भएको स्वीकारोक्ति पनि एटमको छ । कविता (पाठ) निर्माणको विषय एवं प्रक्रिया भएकाले यसमा अर्थको संयोजन कसरी गरिएको हुन्छ भन्ने सङ्कथनात्मक आर्थी पक्षको विश्लेषण प्रस्तुत लेखमा गरिएको छ । वाक्यभन्दा माथिल्लो संरचनामा खोजिने पूर्ण अर्थ नै सङ्कथनात्मक अर्थ हो । पाठ सामाजिक सन्दर्भको प्रतीकात्मक सङ्गठन हो । त्यसैले पाठमा लेखकले समाजका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक विशिष्टता, सहभागीको सामाजिक मूल्य अनुसारको अभिवृत्ति आदिलाई सङ्गठित गरेको हुन्छ । यसैलाई आधार बनाई कुनै पनि पाठमा प्रयोग भएका भाषिक युक्ति र तिनका संरचनात्मक व्यवस्थामा केन्द्रित भई लगाइने अर्थ विशेष नै सङ्कथनात्मक अर्थ हो । सङ्कथनात्मक अर्थ अर्थविज्ञानकै विकसित र पाठ भाषाविज्ञानको परम्परामा आधारित अवधारणा हो । यो ‘सङ्कथन प्रस्तुतिको सिद्धान्त’ (Discourse

Representation theory) सँग सम्बद्ध विषय हो (क्रिस्टल, सन् २००३, पृ. १४२) । पाठमा आएका वाक्य र तिनका संरचनात्मक एकाइमा रही अग्रसन्दर्भनको व्यवस्था अध्ययन गर्ने सिलसिलामा यो सिद्धान्त विकसित भएको हो । यसै सिद्धान्तमा आधारित भई पाठ भाषाविज्ञानका अनुयायी रसेल एस. टमलिन, लिन्डा फोरेस्ट, सुजने इगिन्स, जे. आर. मार्टिन, मिङ् मिङ् पु, म्यिुङ हि किम् जस्ता पाठभाषावैज्ञानिकले 'सङ्कथन प्रस्तुतिको संरचना' (Discourse Representation Structure) सम्बन्धी अवधारणा विकसित गरेका हुन् । पाठ सामाजिक सन्दर्भको प्रतीकात्मक सङ्गठन भएकाले सङ्कथन संरचनामा पनि पाठीय सन्दर्भभित्रको अर्थगत व्यवस्थापन विश्लेषण गरिएको हुन्छ । प्रस्तुत लेखमा प्रारम्भमा पाठीय सन्दर्भभित्रको सङ्कथन संरचना र त्यसलाई विश्लेषणगर्ने अर्थवैज्ञानिक अवधारणा तथा प्रारूपको विश्लेषणात्मक अध्ययन गरिएको छ रविश्लेषणका निम्ति एटमको प्रिय मौनता (२०७७) मा सङ्गृहीत 'नङ्गेली ब्लुज'लाई सोद्देश्य रूपले छनोट गरिएको छ । विश्लेषणलाई पाठीय सन्दर्भसम्बद्ध बनाउनका निम्ति पङ्तिलाई सङ्ख्याङ्कन गरिएको छ ।प्रियमौनता सङ्ग्रहका कविताका बारेमा पाठकप्रतिक्रियापरक सामान्य अध्ययन भएको छ तर खास कवितामा केन्द्रित भई पाठीय सङ्कथनात्मक अर्थका कोणबाट अध्ययन भएको छैन । अध्ययनको यही रिक्ततामा आधारित भई प्रस्तुत अनुसन्धान लेख तयार गरिएको हो ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धान लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको हो । यस लेखमा 'नङ्गेली ब्लुज' अनुसन्धानको क्षेत्र हो भने 'सङ्कथनात्मक अर्थ' समस्या हो । यसै आधारमा 'नङ्गेली ब्लुज' कविताको पाठ प्राथमिक सामग्री र सङ्कथनात्मक अर्थसँग सम्बद्ध एवं नङ्गेली ब्लुज कविताका बारेमा भएका क्रमशःसैद्धान्तिक एवं आनुभविकअध्ययन द्वितीयकका रूपमा प्रयोग गरिएका छन् । यी सामग्री पुस्तकालयबाट लिइएका हुन् । सामग्रीलाई तथ्यका रूपमा प्रयोग गरी सत्यापन गर्न निगमनात्मक तथा आगमनात्मक दुवै विधिको समन्वयात्मक प्रयोग गरिएको छ । विश्लेषणका निम्ति चयन गरिएका सूचकलाई आरम्भमा प्रस्तुत गरी ती सूचकले निर्दिष्ट गरेका पक्षलाई आनुभविक कोणबाट प्रयोग गरिएकाले आगमनात्मक विधिलाई अधिक अनुसरण गरिएको छ । 'नङ्गेली ब्लुज' (पाठ)लाई सङ्ख्याङ्कन गरी विश्लेषणका क्रममा सङ्ख्यात्मक उपस्थिति तथा ती सङ्ख्याले जनाउने पाठका अंशको पूर्वापर सन्दर्भपरक विश्लेषण गरिएको छ । त्यसैले पाठका अंशको सन्दर्भपरक विश्लेषण ढाँचा पनि यसमा प्रयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

भाषिक सङ्केतको प्रतीकात्मक व्यवस्था(पाठ)को सन्दर्भगत अर्थलाई सङ्कथनात्मक अर्थ भनिन्छ । कुनै पनि पाठ समाज सन्दर्भको प्रतीकात्मक सङ्गठन भएकाले पाठगत अर्थ पनि समाजिक सन्दर्भको भाषिकयुक्तिपरक अर्थ हो । हरेक पाठमा सन्दर्भ र अर्थको पारस्परिकता व्यवस्थित रूपले निर्माण भएको हुनु पर्छ । "यसरी अर्थ र सन्दर्भको तार्किक व्यवस्थापन भएको पाठको अवस्था नै सङ्कथनात्मक अर्थ (संयुक्ति) हो" (बन्धु, २०७३, पृ.३३८) । पाठको सङ्कथनात्मक अर्थ विश्लेषणका निम्ति पाठभाषावैज्ञानिकले मूलतः "अवधारणात्मक प्रस्तुति (Current conceptual representation), अवधारणाका घटक (Conceptualizer) र अभिव्यक्ति व्यवस्था (utterance formulator) लाई समेट्नु पर्ने सैद्धान्तिक मान्यता राखेका छन्" (टमलिन र अन्य, सन् १९९७, पृ.७१) । वास्तवमा लेखक (पाठीय संरचनाका सन्दर्भमा)ले सङ्कथनात्मक अर्थ निर्माणको प्रारम्भिक प्रक्रिया बोलीका तहबाट थालनी गरेको हुन्छ । पाठ कथ्य सङ्केत (वाक्प्रतीक) व्यवस्थाको लिखित प्रतिरूप भएकाले पाठीय सङ्कथनको अर्थ विश्लेषणका निम्ति पनि लेखक (पाठका सन्दर्भमा)ले मानस तहमा बनाएको अवधारणात्मक प्रारूपसम्म पुग्नु पर्ने हुन्छ । यस लेखमा पनि टमलिन र अन्य (सन् १९९७) मा प्रस्ताव गरिएको लेखकको अवधारणात्मक प्रतिरूप (कथनका सन्दर्भमा–वक्ताको अवधारणात्मक प्रतिरूप)लाई लेख्य पाठको सन्दर्भमा विवेचना गरिएको छ ।

## तात्कालिक अवधारणात्मक प्रतिबिम्बन

पाठात्मक सङ्कथनमा प्रतिबिम्बित अर्थ भनेको लेखक (लेख्य रूप, पाठ) वा वक्ता (कथ्य रूप)को मस्तिष्कमा रहेको पूर्वभाषिक अवधारणा हो । समाज सन्दर्भबाट लेखक वा वक्ताले विविध स्रोतको उपयोग गरी अवधारणा निर्माण गरेको हुन्छ । यो मस्तिष्कको तहमा रहेको सबैभन्दा प्राथमिक र आधारभूत अवस्था हो । कुनै पनि लेखक (वक्ता) आफ्नो सामाजिक परिवेश र पर्यावरणबाट मस्तिष्कमा ज्ञानात्मक सूचनाहरू सङ्कलन गरेर पाठमा त्यस अनुसारको प्रतिबिम्बन खिच्ने माध्यमका रूपमा लिखित (मौखिक) पाठ अभिव्यक्त गर्छ । यस सिलसिलामा लेखक (वक्ता)ले स्मृति (memory),दृष्टिकोण (perception) र सिर्जनात्मकता (creativity) संयोजन गरेर लिखित वा मौखिक पाठमा सङ्कथनात्मक अर्थ व्यवस्थित गरेको हुन्छ (टमलिन र अन्य, सन् १९९७ : पृ. ७१ ) । त्यसैले प्रथमतः लेखक (वक्ता)ले केकस्तो सिर्जनात्मक विकल्पको प्रयोग गरेको छ र त्यसमा कस्तो दृष्टिकोण राखेको छ भन्ने विषयलाईआधार बनाउनु पर्छ । सङ्कथन भनेकै पाठभित्रको आलोचनात्मक हेराइ भएका कारण पाठमा लेखकले प्रयोग गरेको सिर्जनात्मकता र दृष्टिकोणका तहमा पुगेर हेर्नु आवश्यक हुन्छ ।

## कवितामा तात्कालिक अवधारणा

'नङ्गेली ब्लुज' मा नेत्र एटमले दक्षिण भारतको तामिल भाषी समाज, हाल प्रचलित मुलच्छीपुरम गाउँ (स्तनको गाउँ), नङ्गेलीनामक युवतीद्वारा तत्कालीन शासकले लादेको शोषणमूलक सत्ता तथा त्यसको विद्रोहमा बोलिएको आवाजलाई भावगत अवधारणाका रूपमा उतार गरेका छन् । प्राकृतिक नियमको दायराभन्दा बाहिर तथा नेतृत्वमा रहेको शासकको लहड प्रधान हुने भएपछि शक्तिको सिद्धान्तअनुसार नै कमजोरमाथि प्रहार हुने अभ्यास देखिन्छ । यही नै दक्षिण भारतका एडवा जातिमा पनि प्रयोग भएको देखिन्छ । "स्मृतिकालमा पनि नारीलाई दासी बनाएर राखिएको र लोग्नेलाई उपल्लोस्तरको जातिका रूपमा स्वीकार्नु पर्ने शोषणमूलक व्यवहार देखिन्छ" (बराल, २०५०, पृ.१३९)। आर्य सभ्यताको परिधिका रूपमा रहेको भारतीय उपमहाद्वीपमा यसको विस्तार र प्रभाव कायम हुनु स्वाभाविक हो । एडवा जातिलाई अछुत ठहर गर्ने र तिनको अनावृत्त स्तनको अवलोकन गरेर रागात्मक उत्तेजना प्राप्त गर्ने शोषणलाई उपनिवेश कालले झन सघाउ पुऱ्याएको देखिन्छ । "हिन्दूहरूका राजाराजौटाका बीचमा जरो गडेर बसेको छुवाछुतले उपनिवेशवादी प्रवृत्तिलाई सहयोग नै पुग्ने भएकाले शुद्रप्रति कठोर रहेको मनुस्मृतिका विभेदकारी प्रावधानलाई संस्थागत रूप दिएको हो" (मैनाली, २०७३, पृ.ख) । यसरी दक्षिण पश्चिमी भारतको तामिल भाषी समाजमा विद्यमान शोषणमूलक सामन्ती प्रचलन र त्यसको विरुद्धमा गरिएको विद्रोह नै यस कविताको तात्कालिक अवधारणात्मक प्रतिबिम्बन हो ।

दक्षिण भारतको केरला, त्रावनपुरमा शासकले लादेको नियम (स्तन वस्त्रविहीन रूपमा राख्नु पर्ने) यस कविताको वास्तविक चित्र हो । सामन्तले स्थानीय विपन्न एडवा जातिमा सम्पन्नताको प्रतीक (वस्त्र) देख्न नचाहेको, सम्पन्नता र नारीअस्मिता दुवैलाई आफ्नो अधिनमा राखेर तत्कालीन शासकले आफ्नो शासकीय दम्भ, हैकम, तानाशाही बर्बरको बचाउ गरेको असभ्य व्यवहार केरालाको वास्तविकता हो ।

नङ्गेली !
छैन तिम्रो नाम अट्ने ठाउँ कतै
शासकको प्रशस्ति गाइएका इतिहासका पानाहरूमा
काटिएका स्तनहरूको रक्तमुछेल विम्बको बासस्थान त
समयको पर्दाले छोपिएको वर्तमान न हो (पृ. ५४) ।

उल्लिखित कवितांशमा दक्षिण भारतमा शोषणमूलक रूपमा प्रचलित व्यवहारलाई स्मृतिका रूपमा प्रयोग गरिएको छ । केरला राज्यका सामन्ती शासक तथा कथित तल्लो जातका भनिएका एडवा जातिप्रति गरिएको शोषणको पूर्वसन्दर्भ नै प्रस्तुत कवितामा स्मृति हो ।

'नङ्गेली ब्लुज' कविको दृष्टिकोण र सिर्जनाको पनि बाह्य प्रतिफलन हो । आफ्ना विचारलाई सुसङ्गठित गर्नका निम्ति नङ्गेलीले गरेको विद्रोहलाई आधारभूमि बनाएपछि त्यसमा दृष्टिकोण भर्ने र कवितामा आफ्नो चेतनालाई अन्तर्घुलन गर्ने अभिप्रायले कविताको गति विकास भएको देखिन्छ ।

नङ्गेली !
हराएको छ तिम्रो क्रन्दनको स्वर त
कोम्बुको चट्किलो ध्वनिको तरङ्गमा
हिन्दमहासागरको तातो लहरले निसासिएर
डायनोसरको अन्डाझैं खेतको किनारमा पुरिएको छ
रैथाने जिन्दगीको गहिराइबाट भुलभुलाइ रहने
तिम्रो विशादको ब्लुज ! (पृ.५५)

नङ्गेलीको विद्रोह र वर्तमान अवस्थाप्रति कवि आलोचनात्मक देखिन्छन् । शोषणको सूचकमानुभूतिले निम्त्याएको दुखद अवस्थाको परिणाम नङ्गेलीले उठाएको कदम थियो तर अब त्यो भूतको गर्तमा विलिन हुने गतिमा रहेको कविको दृष्टिकोण छ । यसले कविता (लेख्य) पाठमा सङ्कथनात्मक अर्थ उत्पादनमा दृष्टिकोण प्रवेश गरेको पुष्टि गरेको छ । पाठमा अर्थको तात्कालिक अवधारणको प्रतिबिम्बनमा सिर्जनाको पनि प्रवेश भएको हुन्छ । कुनै पनि पाठ अन्तर्तहमा भएको आर्थी घटकको पारस्परिक संयोजन भएकाले पाठ निर्माताको नवचेतनमा आधारित सिर्जनाले पनि बाह्य उत्पादनमा प्रभाव पारेको हुन्छ । जस्तै :

रगतकै लुगा लगाऊ नङ्गेली !
रगतकै आँशु सुकाऊ च्यादरमा
रगतकै हावाले सास फेरेर
हिड सानसित रगतकै बाटोमा लमक–लमक
गुलिभर छाया तेछ्रयाएर लिलिपुटे पहिचानमा
काला कानुनका मालिक भन्नेहरूका अघिअघि
जुटाऊ हिम्मत नङ्गेली ! (पृ.५५)

उल्लिखित लेख्य पाठमा बिम्बाङ्कनका सहायताले पाठीय संसक्तता निर्माण गरी नङ्गेलीलाई वर्तमान स्वरूपमा परिकल्पना गरिएको छ । पाठ निर्माणका क्रममा तत्कालीन केरलाको शोषणमूलक समाजमा विद्रोह गरेकी नङ्गेलीलाई आज पनि विद्रोहका निम्ति तयार हुन आह्वान गरिएको छ । तिनको विद्रोही स्वरूपलाई विगतको रगतपच्छे अवस्थाबाट पुनर्निर्माण गरी प्रस्तुत गरिएको छ । पाठीय सङ्कथनात्मक स्वरूपमा अर्थलाई सन्निविष्ट गर्नका निम्ति अपनाइएको तिनै (स्मृति, दृष्टिकोण र सिर्जना) पद्धतिको समष्टि देखिन्छ ।

## सङ्कथनात्मक अर्थको गत्यात्मक स्वरूप

सङ्कथनात्मक अर्थ पाठ (कथ्य, आरेख, चित्रकला, ध्वनिसंयोजन)को वस्तुगत तथा निरपेक्ष अवस्था होइन । कुनै पनि पाठलाईं आँखाले हेर्नु, त्यसका एकाइ र अंशगत स्वरूपलाई अवलोकन गर्नु, पाठका घटकीय व्यवस्थामा सिर्जनात्मकताविहीन शुष्क हेराइ राख्नु सङ्कथनात्मक अर्थ होइन । यो त पाठ (कथ्य, आरेख, चित्रकला, ध्वनिसंयोजन)मा गरिएको गतिशील विसूचकण हो । त्यसैले तात्कालिक अवधारणात्मक प्रतिविम्बनलाई गतिशील (dynamic) र स्थिर (static)का आधारमा हेरिन्छ । सङ्कथनात्मक अर्थ भनेकै पाठीय संरचनामा गरिने गतिशील विसूचकण हो । त्यसैले स्थिर अवस्था पाठको भौतिक स्वरूप मात्र हो भने सङ्कथनात्मक अर्थ त्यसमा गरिएको आर्थी संयोजनमाथिको गतिशील विसूचकण हो ।

पाठमा अर्थ केवल अवधारणात्मक प्रतिबिम्बनले मात्र सिर्जना गर्दैन । यसमा पाठक वा श्रोताको स्थान, अवस्था र उपस्थितिलाई पनि लेखक (वक्ता) ले महत्त्व दिएको हुनुपर्छ । पाठकको स्तर, स्थान वा बोधात्मक क्षमतालाई आधार बनाएर मात्र लिखित वा मौखिक पाठ तयार गरिएको हुन्छ । यसै अधारमा कुनै पनि पाठको सङ्कथनात्मक अर्थ विश्लेषण गरिन्छ । "अर्थ पाठको सन्दर्भकेन्द्री हुन्छ भन्ने मतलाई पूर्वीय व्याकरण चिन्तनमा भर्तृहरिको वाक्यपदीयसँग जोडी अर्थ केवल रूपबाट मात्र निर्धारित नभई वाक्यको प्रयोग, प्रकरण, प्रसङ्ग, औचित्य, देश, कालअनुसार निर्धारित हुने उल्लेख छ" (चौलागाईं, २०७६, पृ.१६) । त्यसैले पाठको अर्थ उत्पादनमा लेखक (वक्ता)ले सूचनाको व्यवस्थापनलाई कसरी व्यवस्थित र आलोचनात्मक बनाएको छ भन्ने विषय सबैभन्दा महत्त्वपूर्ण रूपमा रहेको हुन्छ । यसरी पाठमा रहेको अर्थ विश्लेषणका निम्ति क्रमबद्ध रूपले आएका स्वतन्त्र घटकको प्रकार्य खोजी गरिन्छ ।

पाठलाई 'आख्यानात्मक', 'प्रक्रियात्मक', 'व्यवहारात्मक' र 'प्रदर्शनात्मक' प्रकारमा विभाजन गरी तिनको अभिलक्षणगत परिमिति विश्लेषण गर्ने सिलसिलामा प्राथमिक र द्वितीयक आधार प्रस्ताव गरिएको छ । प्राथमिक आधार अन्तर्गत (+श्रृङ्खलात्मक सम्बन्ध), '(+सहभागी अभिमुखीकरण)' हुन्छन् भने द्वितीयक अन्तर्गत '(+प्रतिबिम्बित समय)' र '(+ द्वन्द्व) का सूचकहरूका अधारमा विश्लेषण गरिने सैद्धान्तिक मान्यता छ ।(लेभिन्सन र लङ्गेकर, सन् १९७८, पृ. १०२)

यस मान्यताअनुसार 'आख्यानात्मक सङ्कथन'मा (+श्रृङ्खलात्मक सम्बन्ध) र (+सहभागी अभिमुखीकरण) प्राथमिक परिमिति पाइन्छन् । पाठको प्रकृति विशेषतः आख्यानमा यी परिमितिलाई उपलब्ध पाठीय सूचकका आधारमा प्रयोग गरिन्छन् । प्रस्तुत लेखमा पाठ (कविता) भावसमष्टि भएकाले सङ्कथनात्मक अर्थको गत्यात्मक स्वरूपलाई सङ्क्षेपमा यसप्रकार प्रस्तुत गरिएको छ :

## आलङ्कारिक व्यवस्थापन

पाठ निर्माताले खास लक्ष्य वा प्रयोजन राखेर पाठीय स्वरूप तयार गरेको हुन्छ । पाठ (लेख्य, चित्रकला, रेखाचित्र, ध्वनिसंयोजन) निश्चित सङ्कथनात्मक अर्थलाई लक्ष्य गरेर प्रयोग गरिएका उपकरण हुन् । लेख्य पाठ सङ्कथनात्मक अर्थको लक्ष्य राखिएका विकल्पमध्ये एक हो । पाठ निर्मातासँग अवस्था हेरी केही र प्रशस्त लक्ष्य रहेका हुन्छन् । त्यस्ता लक्ष्य तात्कालिक अवधारणात्मक प्रतिबिम्बनका आधारमा कसरी खोजी गरियो भन्ने सन्दर्भमा भर पर्छ । पाठमा छानोट गरिएका सूचनामा पनि लेख्य पाठीय अर्थ वा लक्ष्य पहिचान गरिन्छ । लेख्य पाठ पनि निश्चित सङ्कथनात्मक अर्थ प्राप्तिका निम्ति सम्बद्ध चयनको प्रक्रिया (associated selection processes)भएकाले यसमा प्रयुक्त कोशीय एकाइको चयनमा केन्द्रित भएर विश्लेषण गरिन्छ । सङ्कथनात्मक अर्थको संवहन क्षमतालाई केन्द्रमा राखेर गरिएको यस्तो संयोजन नै आलङ्कारिक व्यवस्थापन (rhetorical management) हो ।

लेखक (वक्ता)ले पाठको लिखित वा मौखिक संरचना तयार गर्दा एक प्रकारको प्रक्रिया घटित भएको हुन्छ । यस क्रममा सूचना (अवस्था) र घटना (कार्य) सँगै जोडिएर आएका हुन्छन् । पाठमा आएका सूचनात्मक घटक क्रमिक रूपले प्रयोगार्थपरक (pragmatics)हुन्छन् र यसका संरचक (प्राथमिकता, माहत्त्व र पूर्वधारणा)ले अर्थ विश्लेषणलाई निर्देशित गरेको हुन्छ । अर्थात् कुनै पनि पाठको आलङ्कारिक व्यवस्थापनभित्र आर्थी विषय प्राथमिकता, महत्त्व र पूर्वधारणात्मक पक्षका आधारमा निर्मित भएका हुन्छन् । पाठको संयुक्ति व्यवस्था विश्लेषणमा पनि यिनै पक्षलाई आधारभूत रूपले प्रयोग गरिन्छ । "त्यसैगरी सङ्कथनको घटना योजना समष्टि संयुक्ति (global coherence) र तहगत संयुक्ति (local co-

herence)को तहमा पुगेर विश्लेषण गरिन्छ''(टमलिन र अन्य, सन् १९९७, पृ.७५) । अर्थात् अर्थसन्दर्भलाई पाठीय संरचनाको समष्टि स्तर र अनुच्छेद संरचनाको स्तरबाट विश्लेषण गरिन्छ ।

'नङ्गेली ब्लुज' पाठमा पनि केन्द्रीय सन्दर्भन 'नङ्गेली'का निम्ति निदर्शन 'ऊ' (२)को प्रयोग गरेर समयको लामो कालखण्ड र गर्तलाई प्रस्तुत गरिएको छ । केरला राज्यको त्यो बर्बर तथा दमनको ऐतिहासकि सन्दर्भ पुरानो रहेको तर त्यसले सिर्जना गरेको स्मृति निकटस्थ भई आएको (५) छ । यसले विगतमा विलुप्त प्रायः अवस्थामा पुगेको दलित नारीमाथिको उत्पीडन आज पनि फर्केर हेर्दा जीवन्त भएको आर्थी संयोजन प्रस्तुत गरेको छ । निदर्शन 'ऊ' (३)बाट 'तिम्रो' (५) सम्म पुग्दा समयको लामो अन्तराल रहेको 'इतिहासका पानाहरूमा' (५)ले वितुप्त विगत र विद्रोहको शेष कुनै नरहेको वर्तमानका बीचको अन्तर प्रकाशित गरेको छ । नारी अस्मिता र मानवीय मूल्यका निम्ति गरिएको उक्त विद्रोह समयको परिवर्तनसँगै धुमिल भएको 'समयको पर्दाले छोपिएको वर्तमान' (८) भनी आज शासकका यशोगानको जगजगी रहेको तर नारीको शोषण तथा मानवीय मूल्य प्राप्तिमा निर्णायक मानिएको उक्त घटना विलिन भएको सङ्कथनात्मक आर्थी सूचक प्राप्त भएको छ । 'नङ्गेलीले' गरेको विद्रोह (६),(८)को क्रम 'अलिखित जिन्दगीको अधुरो अवशेष' (११) सम्मको व्याप्तिले नङ्गेली इतिहासको गर्तमा विलिन, विद्रोहलाई शासकले दबाएको र पुनस्मरणका आधार समाप्त भएको आर्थी अभिलक्षण प्राप्त भएको छ । त्यसैले (१) देखि (११)ले नङ्गेली केरलाका दलित नारीको मुक्तिको आवाज थिइन् । समयको त्यस कालखण्डमा उनको विद्रोह शोषकका निम्ति शङ्खघोष थियो तर शासकीय स्तुतिको परम्पराले धुमिल बनाएको वर्तमान स्थिति प्रस्तुत भएको छ । यस्तो अर्थलाई तहगत संयुक्तिका आधारबाट पाठनिर्माताले प्रस्तुत गरेको देखिन्छ । विलुप्तिको यस्तो अवस्थालाई 'हराएको छ' (१३)देखि 'ध्वनिको तरङ्गमा'(१४),'तातो लहरमा'(१५) र 'डायनोसरको अन्डाझैं खेतको किनारमा' (१६) ले नङ्गेलीको विद्रोह वर्तमानमा छोपिएर नदेखिनुको कारणभूत पक्ष प्रस्तुत गरेको देखिन्छ । यसरी विलुप्तिको स्थिति र विलुप्तिको प्रक्रियामा केन्द्रित गरी प्रस्तुत पाठको तहगत संयुक्ति विकास भएको छ ।

नारीमाथिको उत्पीडन र प्रतिकारमा अपेक्षित विद्रोही व्यवहारलाई आज्ञार्थ सूचक क्रियापदको प्रयोग गरी विद्रोह अद्यापि आवश्यक रहेको सङ्कथनात्मक आर्थी सूचक (१९) देखि (४५) सम्म प्राप्त हुन्छ । नङ्गेली इतिहास भई भनेर नारीको अस्मिता तथा अस्तित्व आज पुनस्थापित भएको भन्ने अवस्था नरहेको तथा आज पनि शासकले लादेका आचरण, अनुशासनका नामका विद्रुप व्यवहारसँग जुध्नु परेको परिस्थितिगत तुल्यलाई पनि प्रस्तुत गरिएको छ । समग्रमा नङ्गेलीको विगतलाई शासकले विलुप्त पारेर आफ्ना कुकृत्य कायमै राखेको सन्दर्भ रहेको विचार प्रस्तुत गरी नङ्गेलीको पुनरोदय आवश्यक तथा अपेक्षित रहेको सङ्कथनात्मक आर्थी स्वरूप समष्टि संयुक्तिका तहमा प्राप्त हुन्छ ।

## अक्षकीय व्यवस्थापन

पाठ (लेख्य,रेखाचित्र,ध्वनिसंयोजन)मा लेखक (वक्ता–मौखिक पाठ भए)ले राखेको आलङ्कारिक लक्ष्य प्राप्त भएपछि पाठक (श्रोता)ले अवधारणात्मक प्रतिबिम्बनको गत्यात्मक अवस्थाको अर्को उपकरण प्रयोग गरी हेर्नु पर्छ । यसका निम्ति मौखिक पाठ भए श्रोतालाई विविध सन्दर्भन र सम्बोधनको युक्ति प्रयोग गरेर तथा लिखित पाठ भए पाठकलाई लक्षित गरेर सङ्कथनात्मक आर्थी सूचकका निर्धारक विश्लेषण गरिन्छ । यसो गरेर सङ्कथनलाई केन्द्रीय र महत्त्वपूर्ण रूपमा प्रस्तुत गर्न खोजिएको हुन्छ ।''यस्ताआरम्भ विन्दु (कतबचतष्लन उयष्लत)को प्रयोग गरेर लेख्य पाठका सन्दर्भमा पाठक र मौखिक पाठ भए श्रोतालाई उसको निजी धारणात्मक प्रतिबिम्बन निर्माणमा सघाउ पु¥याएको हुन्छ'' (टमलिन र अन्य, सन् १९९७, पृ. ८३) । खास सन्दर्भन र आरम्भ विन्दुलाई निश्चित गर्नका निम्ति सङ्कथनमा अक्षकीय व्यवस्थापनको पक्ष केन्द्रीय हुन्छ । प्रकार्यात्मक युक्ति (pragmatics notion) र सङ्कथनको सन्दर्भित क्षेत्रमा परिभाषीकरणको प्रक्रिया (processes as defining an area) कस्तो छ भनी विश्लेषण गरेर पनि पाठीय सङ्कथनात्मक अर्थको गत्यात्मक स्वरूप प्राप्त हुन्छ ।

अक्षकको व्यवस्थापन पाठमा विचार निर्माणको पथ हो । यस्तो विचार निर्माणमा पदावलीको तह (phrase level)देखि संज्ञानात्मक रेखाङ्नका तहसम्म आलोचनात्मक हेराइ आवश्यक हुन्छ । सङ्कथन घेराभित्रको प्रस्थान विन्दु (point of departure)को मुख्य आधार भनेकै पदावलीको 'थिम' हो । त्यसैले अक्षक मूल्याङ्कनमा पदावलीको थिम प्राथमिक सामग्री हो । यसपछि अनुच्छेद (सङ्कथनको सार एकाइ)मा पूर्ण सङ्कथनको औषत विस्तार कसरी भएको छ भन्ने तर्कपूर्ण हेराइ आवश्यक हुन्छ । सङ्कथनात्मक अर्थ निर्माणमा पूर्वधारणाको प्रयोग अर्को महत्त्वपूर्ण पक्ष हो । ''सङ्कथनभित्रको मान्यतालाई विकास गर्ने पक्ष मूलतः दुई प्रकारको हुन्छ। ती हुन् : पहिलो खास घटना र दोस्रो विस्तारक सूचना'' (टमलिन, सन् १९९७, पृ.८३) । सङ्कथनात्मक अर्थ विश्लेषणमा पहिलोलाई अग्रभूमिगत अवधारणा (foregrounded propositions) र दोस्रोलाई पृष्ठभूमिगत अवधारणा (backgrounded proposition)का रूपमा प्रस्तुत गरिएको हुन्छ । अक्षकीय व्यवस्थापनका यी सैद्धान्तिक उपकरणका आधारमा 'नङ्गेली ब्लुज' कविताको सङ्कथनात्मक अर्थलाई यसप्रकार प्रस्तुत गरिन्छ :

प्रस्तुत पाठ (सङ्कथन)को आर्थी गति पूर्वधारणाको निर्माण प्रक्रियाबाट आरम्भ भएको छ । पाठको अंश एकाइ (२) मा निदर्शन 'ऊ'को प्रयोग गरी उसको परिचय मिथकीय कल्पना तथा कल्पित चरित्रलाई उतार गरिएको अवस्था होइन भनिएको छ । यसमा नङ्गेली भौतिक रूपमा अनुभूत र हामीले बाँचेको पर्यावरणको ग्राह्य सदस्य हो भन्ने पुष्टि गरिएको छ । उद्गारका रूपमा नङ्गेलीलाई (४,१२,२५र३४) सम्बोधन गरी प्रस्थान विन्दु तय गरिएको छ । यसले पदावली तहमा आएका अन्य संरचना नङ्गेलीलाई प्रकाश्य तुल्याउन प्रयोग गरिने छन् भन्ने पाठकीय पूर्वधारणा जगाएको छ । पाठ निर्माताले पनि यसैलाई प्रकार्यात्मक तुल्याउने हेतुले परिभाषीकरण (७,८र९) आएका छन् । नङ्गेलीलाई प्रस्थान विन्दु चयन गरेपछि पाठ निर्माताले ऊ शोषण र उत्पीडनको नृशंश जन्जिरले बाँधिएकी तथा आजित भएर विद्रोहका निम्ति आफैंलाई 'काटिएका स्तनको रक्तमुछेल'(७) परिणतिमा पु¥याएकी युगनायक हो भन्ने विचार निर्माणको पथ प्रथम पटक तयार भएको छ । यस्तो पथ पृष्ठभूमिगत रूपमा विकसित हुन जाँदा क्रमशः नङ्गेलीको आजको उपस्थितिको अवस्थामा केन्द्रित भएको छ । समयको परवर्तनसँगै विद्रोह, क्रान्ति र जागरणका सारा कुञ्जी निरर्थक बन्न पुगेको सङ्कथनात्मक गत्यात्मक अर्थलाई वर्तकीय प्रयोग (१४,१५र१६)मा प्रस्तुत गरिएको छ । क्रान्तिको आरम्भले नयाँ युगको सूत्रपात हुने र त्यो कालजयी हुने अपेक्षा सर्वत्र गरिन्छ तर कालन्तरमा यसलाई विगतको अँध्यारो गर्तमा विलिन गराउन शासक उद्यत हुन्छन् भन्ने विचार पथको विकास यहाँ भएको छ । पृष्ठभूमि निर्माणका क्रममा पाठ निर्माता (१९) देखि (३३) सम्म आफैंसँग समसामयिक विन्दुमा राखेर समकालिक देखाउँछन् । यस अवस्थामा आज्ञार्थक क्रिया र क्रिया निर्देशित व्यवहार प्रस्तुत गरी रक्तवीर स्वरूप (१९,२०र२१) ग्रहण गरेर हिजो तिम्रा स्तनमाथि नैसर्गिक हक दावी गर्नेहरूसँग विद्रोह गरे जस्तै आज 'सत्ताको टालोमा जमेको जातको नृशंस शिस्न(२८)'को समूल अन्त्यका निम्ति हतियार उठाऊ भन्ने विचार पथ निर्माण भएको छ । हिजो सामन्तले नारीको प्राकृतिक निजत्वलाई बन्धकी बनाए जस्तै आज जातीय छुतअछुतका नाममा ठालुगिरि कायम राखेका र सभ्य मानव समाजका विपरीत मत्स्य न्यायलाई संस्थागत गरिएको विचार पाठ निर्माताको देखिन्छ । यसको पुष्टि (३५) मा प्राप्त हुन्छ । त्यो विद्रोह आज पनि अपेक्षित छ भनी (३७,३८,३९र४०) प्रस्थान विन्दु नङ्गेलीले सिर्जना गरेको जागरणको विचार पथ विकसित भएको छ । समष्टिमा नङ्गेलीको अग्रभूमिबाट प्रस्थान विन्दुमा प्रवेश गरेको सङ्कथनात्मक अर्थ पृष्ठभूमिगत धारणा निर्माण गरी विचार पथ निर्माणमा अक्षकीय व्यवस्थापन प्रयोग भएको देखिन्छ ।

## सन्दर्भ व्यवस्थापन

पाठमा सङ्कथनात्मक अर्थ व्यवस्थापनको क्रममा लेखक(वक्ता)ले पाठकलाई पहिला नै प्राप्त गरेको पूर्वधारणात्मक आधारमा बोध हुने वा पुनःपरिचय गराउनु पर्ने सन्दर्भलाई सहसम्बन्धित गरेर प्रस्तुत गरेको हुन्छ । सन्दर्भको यस्तो युक्तिपूर्ण प्रयोग र त्यसले पाठीय अर्थसंरचनामा खेल्ने भूमिका नै सन्दर्भ व्यवस्थापन (referencial management) हो । "यसरी सन्दर्भ व्यवस्थापन गर्दा लेखकले सामान्य सूचना (common information) (पाठकले पूर्वज्ञान प्राप्त गरेको) तथा लक्षित (targeted information) (पाठकलाई आवश्यक सहजीकरण गरी अगाडि बढाउनु पर्ने) सूचना जस्ता पक्षबाट सन्दर्भ व्यवस्थापन गरेको हुन्छ" (टमलिन र अन्य, १९९७ : पृ.७०) । सङ्कथनमा सन्दर्भको व्यवस्थापन अन्तरसम्बन्धित ढाँचा (interlocking pattern)को प्रयोग गरी सन्दर्भसङ्गठन निर्माण गरिएको हुन्छ । कुनै सन्दर्भको प्रयोग र आवश्यकता पूर्ववर्ती सन्दर्भसँग औचित्यताको आधारमा विकसित गर्दै जानु नै अन्तरसम्बन्धित ढाँचा हो । "पाठभाषावैज्ञानिकले यस्तो ढाँचा निर्माण गर्दा 'अग्रप्रस्तुति'का चार आयाम (विचलन, विपठन, समानान्तरता र विरलता)को प्रक्रिया अपनाउने उल्लेख छ" (कुमार र सिंह, सन् १९९१ : पृ.५३) । यसले पाठमा सन्दर्भ विस्तारलाई औचित्यताका अधारमा विकसित गरेको हुन्छ ।

कुनै एक स्थानमा प्रस्तुत गरिएको सन्दर्भ परस्पर सहसम्बन्धित भई अर्को स्थानमा पनि प्रयोगमा आउनु नै सहसम्बन्धित तथा संसक्ततायुक्त सङ्कथन हो । "सङ्कथन निर्माणमा महत्त्वपूर्ण विषय भनेकै संज्ञानात्मक प्रक्रिया (cognitive processes), ज्ञानको विस्तार (knowledge integration) र सूचनाको व्यवस्थापन (information management) कसरी भएको छ भन्ने हो"(टमलिन र अन्य, १९९७ : पृ.७७) । यी तीन पक्षको कसिलो, परस्पर सहसम्बन्धित र गतिशील प्रवाह नै सङ्कथनात्मक सन्दर्भ व्यवस्थापन हो । पाठमा लेखक (वक्ता) र पाठक (स्रोता)का बीचमा उपलब्ध सूचनाको खास आशय वा अर्थ के हो तथा यस्तो सूचना आलङ्कारिक व्यवस्थापन एवं सङ्कथन संरचनामा कसरी सम्बद्ध भई आएको छ भन्ने विषय यसमा अध्ययन गरिन्छ । त्यसैगरी सन्दर्भ व्यवस्थापनमा नयाँ र पुरानो सूचना, दिइएको सूचना र नयाँ सूचना, ज्ञात र अज्ञात सूचना जस्ता विषयलाई पनि प्रयोग गर्न सकिने मान्यता पाठभाषावैज्ञानिकले गरेका छन् ।

सन्दर्भ व्यवस्थापनमा सहभागीको योजनाबद्ध प्रवेश, स्थिर अवस्था र गतिशील विकास जस्ता विषयलाई पनि लेखक (वक्ता)ले स्थान दिएको हुन्छ । सङ्कथनमा सहभागी मार्ग निर्माण कसरी भएको छ भन्ने विषय र सन्दर्भगत अन्वयलाई आलोचनात्मक रूपले हेर्नु पर्छ । यसका मूल तीन प्रक्रिया पाठभाषावैज्ञानिकले सुझाएका छन् । ती हुन् : सन्दर्भ वा सहभागीको सङ्कथन दायराभित्र परिचय, सन्दर्भको दीगोपन वा स्थिरताको प्रक्रिया र लामो अनुपस्थितिपछि पुनःपरिचयात्मक प्रक्रिया । सन्दर्भको यस्तो व्यवस्थापनमा विचार वाक्यको प्रयोग, मुख्य शब्दावलीको प्रयोग, सन्दर्भलाई एक सूचकबाट अर्को सूचक र पुनःपहिलाको सूचकमा प्रवेश गराउने वा विगत लामो समय (पुरानो स्मृति)को सन्दर्भलाई चालु (तात्कालिक) अवधारणात्मक प्रतिबिम्बनमा प्रवेश गराउने विधिको प्रयोग कसरी भएको छ भन्ने कोणबाट पनि सङ्कथनमा सन्दर्भको व्यवस्थापन विश्लेषण गर्न सकिन्छ छ । (टमलिन र अन्य, सन् १९९७ : पृ. ८१)

सन्दर्भ व्यवस्थापनका उल्लिखित मान्यताका आधारमा निर्मित पाठ 'नङ्गेली ब्लुजको' विश्लेषण यसप्रकार गरिएको छ :

प्रस्तुत पाठमा (२) मा निदर्शन 'ऊ' को प्रयोगपछिसन्दर्भन 'नङ्गेली' आएको छ । यसमा पाठकलाई समान्य सूचनाबाट लक्षित सूचनाको दिशामा अभिमुख गराइएको छ । त्यसैगरी (२र३)मा नङ्गेली होइन भन्ने ऋणात्मक अभिलक्षणको प्रयोग गरी सामान्य सूचना र धनात्मक अभिलक्षणको सम्बन्ध पनि विकसित गरिएको छ । यसले पाठकलाई लक्षित सूचनाको दिशामा योजनाबद्ध रूपले प्रवेश गराएको पुष्टि हुन्छ । 'नङ्गेली'लाई समयको पर्दाले छोपिएको र वर्तमानमा विलुप्त अवस्थामा पुगेको स्थितिमा देखाएर संज्ञानात्मक प्रक्रिया अपनाइएको छ । नङ्गेली को हो र युगयुगसम्म यसको प्रभाव देखिनु पर्ने कारण के हो भन्ने संज्ञानको तहमा पुर्याएपछि मात्र पाठ निर्माता ज्ञानको विस्तारमा प्रवेश गरेको देखिन्छ । नङ्गेलीको पहिचानप्रति धनात्मक अभिलक्षण प्रस्तुत गर्ने हेतुले नै (१४,१५ र १६) आएको हो । यो लिक्षित सूचना पनि हो किनभने नङ्गेली आज किन छैन ? उसलाई विलिन गर्ने गर्त के हो भन्ने जिज्ञासालाई पाठकमा सिर्जना गरेपछि त्यसको सूचना पनि दिनु आवश्यक हुन्छ । यसैका निम्ति पाठ निर्माताले परिवर्तित समयको गति र प्रभाव सिर्जनाका हेतु यस लक्षित सूचनाको व्यवस्थापन गरेका हुन् । अन्तरसम्बन्धित ढाँचका रूपमा समन्वय गर्नका निम्ति यसो गरिएको हो । मानव सभ्यताका निम्ति कलङ्क बनेर रहेको स्तन करका नाममा गरिएको शोषण अन्त्यको नेतृत्व गरेकी नङ्गेली व्यक्ति नभई क्रान्ति चेतना बनेर आज पनि जातीय उत्पीडनका विरुद्ध उत्रन आह्वान गरिएको सूचनालाई लक्षित रूपमा (२६,२७ र२८)मा प्रस्तुत गरिएको छ । यसरी इतिहासको गर्तमा विलिन प्रायः अवस्थामा पुगेको विद्रोहलाई चेतनाकरण गरी मानव सभ्यतामा लागेको फोहर सफा गर्न आज पनि क्रान्ति आवश्यक छ भन्ने लक्षित सूचनालाई अपरिचयीकरण विधिले प्रवेश गरी परिचयीकरणमा लगेर जोडिएको देखिन्छ ।

## सङ्केन्द्रण व्यवस्थापन

लेखक (वक्ता)ले पाठक (स्रोता)लाई कुनै खास सन्दर्भमा खिचेर राख्ने युक्ति प्रयोग गरेको हुन्छ । कुनै सहभागी, सन्दर्भ वा प्रसङ्गमा पाठकलाई खिच्ने यस्तो युक्ति नै सङ्केन्द्रण व्यवस्थापन (focus management) हो । "कुनै सन्दर्भलाई पटकपटक प्रयोग गर्नु, पाठक (श्रोता)लाई खास समयमा खास सहभागी वा सन्दर्भमा केन्द्रित गर्न खोज्नु र पाठकलाई कुनै खास सहभागी वा सन्दर्भमा जोड दिनु जस्ता विधिको प्रयोग गरेर सङ्कथनात्मक पाठमा सङ्केन्द्रण व्यवस्थापन गरिएको हुन्छ" (टमलिन र अन्य, सन् १९९७, पृ.९३) । यससँग सम्बन्धित प्रयोगार्थ सङ्केतक र संज्ञानात्मक प्रक्रिया (cognitive process)लाई सङ्केन्द्रण व्यवस्थापन भनिन्छ । "सङ्केन्द्रण व्यवस्थापनको आधारभूत रूप ह्यालिडे (सन् १९६७)मा भेटिन्छ । "यिनले नयाँ सूचना र पुरानो सूचनाका रूपमा व्याख्या गरेको विषय नै सङ्कथन विश्लेषणमा सङ्केन्द्रण व्यवस्थापनका रूपले विकसित भएको हो" (टमलिन र अन्य, सन् १९९७, पृ.९५) । पाठमा सङ्केन्द्रण व्यवस्थापन विश्लेषणका निम्ति केही प्रश्नहरूमा केन्द्रित हुनु पर्ने धारणा पाइन्छ । "केले विचार वा धारणालाई अधिक आख्यानात्मक बनाएको छ ? आख्यानात्मक धारणा कसरी सङ्कथनमा बाँधिएर विकसित भएको छ, लेखक (वक्ता)ले आख्यानात्मक धारणा सम्प्रेषणका निम्ति के गरेको छ, पाठक (श्रोता)ले आख्यानात्मक धारणा कसरी बोध गरेको छ" (टमलिन र अन्य, सन् १९९७, पृ.९३) जस्ता प्रश्नले कुनै पनि पाठ (लिखित÷मौखिक)मा सङ्केन्द्रण व्यवस्थापन चिह्नित गराउँछ । पाठक (श्रोता)लाई खास सहभागी, सन्दर्भ वा प्रसङ्गमा खिचेर गतिशील गराउने अन्तरपाठीय युक्ति विशेष नै सङ्केन्द्रण व्यवस्थापन हो । यस सैद्धान्तिक मान्यताका आधारमा 'नङ्गेली ब्लुज' पाठको विश्लेषण यसप्रकार गरिएको छ :

'नङ्गेली ब्लुज' पाठ नङ्गेलीलाई सङ्केन्द्रीकृत गरी तयार गरिएको देखिन्छ । पाठकलाई नङ्गेलीको वास्तविक अस्तित्व (१,२,३), वर्तमानले नङ्गेलीमाथि गरेको व्यवहार (६–११), नङ्गेलीको विलुप्तिको कारक (१४,१५ र १६), नङ्गेलीको क्रान्तिचेचना आज पनि आवश्यक रहेको युगीन यथार्थ (२४), नङ्गेली प्रवृत्तिको अह्वान जस्ता खण्डमा खण्डीकृत गरी सङ्कथनात्मक अर्थ प्रस्तुत गरिएको छ । पाठकलाई नङ्गेलीको युगीन मूल्य प्रदान गरेर अब नङ्गेली व्यक्ति नभई चेतना भएर मानव समाजमा देखिएका आजका विकृतिको तिरोहण गर्नु पर्छ भन्ने आह्वानमा समेटिएको छ । यी सबै संज्ञानात्मक प्रक्रियाका आरम्भ तथा विस्तारक सीमाका रूपमा नङ्गेली ! भनी गरिएको सम्बोधनात्मक आवगाहन मुख्य भएर

आएको देखिन्छ । मुख्यतः (४,१२,१९,२५,३४)ले फरकफरक संज्ञानका माध्यमबाट पाठकलाई खिचेर राख्ने काम भएको छ । पाठ निर्माताले उपासना कविताका रूपमा प्रस्तुत गरेका नमुनाको स्वभावकै निरन्तरता देखिने गरी यसमा सङ्कथनात्मक आर्थी संरचनाको संयोजन देखिन्छ ।

## निष्कर्ष

नेत्र एटमको प्रिय मौनता (२०७७) नवीन कवितासङ्ग्रह हो । एटमले नेपाली कविता परम्परामा उपासना कविता रचनाको नवीन नमुना प्रस्तुत गरेका छन् । प्रणयको प्यासन, प्रमुदित प्रकृति, अभीप्साको उद्बोधन, स्मृतिको क्याराभान र उपासनाको आलोकखण्डमा संरचित यस सङ्ग्रहले स्रष्टाको व्यक्तता भाव प्रकटीकरणको आंशगत रूप मात्र हुने तथा अधिकतर मात्रामा स्रष्टा अव्यक्तता तथा निरवभित्र सञ्चित हुने मान्यतामा प्रकाश पारेको देखिन्छ । प्रस्तुत विश्लेषणमा चयन गरिएको निर्मित पाठ (नङ्गेली ब्लुज) अभीप्साको उद्बोधन खण्डमा समाविष्ट रचना हो । समयले उदात्त क्रान्ति चेतना भएका नेतृत्व जन्माउँछ भने समयले नै तिनलाई विलिनको गर्तमा विलुप्त पनि बनाउन सक्छ भन्ने सार विचार यस कवितामा प्रकट भएको छ । प्रस्तुत लेखमा कुनै पनि पाठ सङ्कथनात्मक आर्थी संरचना हो । अर्थलाई मुर्तीकरण गर्ने उपकरण पाठ भएकाले तिनको संयोजन पद्धतिभित्र प्रवेश गर्नु पर्छ भन्ने सङ्कथन प्रस्तुतिको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । नङ्गेलीलाई निदर्शन र सन्दर्भनको क्रमिकताबाट पाठकमा अग्रभूमिगत सूचना तथा विस्तारित सूचना प्रस्तुत गरी यसको आलङ्कारिक व्यवस्थापन गरिएको छ । नङ्गेलीलाई सम्बोधन गरी पाठकको ध्यान खिचेर (अक्षकीय व्यवस्थापन) गरिएका कारण कुनै बेला विद्रोहको नेतृत्व गरेकी नारी वर्तमानमा जागरणको चेतना बनेर आउनु पर्ने आवगाहन छ । विचार पथका दृष्टिले अपरिचयीकरणको प्रस्थान विन्दु र क्रमशः परिचयका अभिलक्षणमा केन्द्रित भएकाले विलुप्तिको गर्तबाट उत्खनन गरी वर्तमानको क्रन्तिचेतनासम्मको लामो यात्रा प्रदर्शन गरिएको छ । त्यसैले यस पाठमा संज्ञानको निर्माण (नङ्गेलीको चिनारी) हुँदै ज्ञान विस्तार एवं सूचनाको व्यवस्थापन (आजको विकृत मानवीय व्यवहार) प्रस्तुत छ । निर्मित पाठले नङ्गेलीलाई केन्द्रमा राखेर लामो कालखण्डमा उसको क्रान्तिचेतनाको तत्कालीन सामयिकतादेखि आजको विद्रूप मानव व्यवहारसम्मलाई खण्डीकृत एवं गति दिएको देखिन्छ । त्यसैले नङ्गेली यस निर्मित पाठकी सङ्कथनात्मक आर्थी संरचनामा प्रविष्ट सङ्केन्द्रीकृत सहभागी हुन् । समग्रमा इतिहासको गर्तमा विलिन प्रायः अवस्थामा पुगेका नेतृत्वले देखाएको उदात्तचेतना आज पनि सामयिक रहेको विचार यस पाठबाट प्राप्त हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७७), प्रिय मौनता, काठमाडौं : शिखा बुक्स ।

आचार्य, सुरज (२०७९), "माइतघर उपन्यासको सङ्कथनात्मक अर्थविश्लेषण", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।

कुमार, सुरेश र सिंह, रामवीर (सम्पा.)(सन् १९९१),पाठभाषाविज्ञान तथा साहित्य, आगरा : केन्द्रीय हिन्दी संस्थान । 0.2cmगुप्त, मोतीलाल (सन् १९७४),भाषा विश्लेषण, वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

घिमिरे, वासुदेव (२०६९),सङ्कथन विश्लेषण : परिचय र पद्धति, कीर्तिपुर : इन्टेलेक्चुयल बुक प्यालेस ।

चौलागाईं, प्रेमप्रसाद (२०७६), "स्फोटवाद : भाषिक र साहित्यिक अध्ययनको उपजीब्य सिद्धान्त",प्रज्ञा २(११८), पृ.१३–२५ ।

ढकाल, दीपकप्रसाद (२०७०),समाख्यानशास्त्र : सिद्धान्त र प्रयोग, काठमान्डौँ : ओरिएन्टल प्रकाशन गृह ।

बराल, वासु (२०५०), हिन्दू सामाजिक सङ्गठनको प्रारूप, दोस्रो सँस्क, ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७३),भाषाविज्ञान, ललितपुर : साझा प्रकाशन ।

मैनाली, सुजित (२०७३),'कसले पछि पार्यो दलितलाई ?'अन्नपूर्ण फुर्सद (फागुन १४), पृ.ख ।

शर्मा, मोहनराज (२०६६),आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना, काठमान्डौँ : क्वेस्ट पब्लिकेसन ।

सापकोटा, दामोदर (२०७७),"बसाइँ उपन्यासको सङ्कथन विश्लेषण", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग ।

Crystal, David -A.D. 1903, *A Dictionary of Linguistics and Phonetics*, *Gerr*
*A.D.1978, FieldAnalysisofDiscouse, Dressler, WolfaganU., Curre*
*A.D.1997, DiscourseSemantics, DijikTeunA.Van, Discourse As Stru*